# हरिनगर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हरिनगरा,सुनसरी

१ नं. प्रदेश,नेपाल

## वोलपत्र आव्हानको सूचना

## प्रथम पटक प्रकाशित मिति २०७६/१०/१९

हरिनगर गाउँपालिकाको आन्तरिक आय बन्दोवस्त गर्न गाउँपालिकावाट स्विकृत दररेटमा चालु आ.व. २०७६।०७७ को बाँकी अवधि(२०७६ फाल्गुन देखी २०७७ आषाढ मशान्त सम्म) को लागि तपशिल बमोजिम ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीवाट देहायका शर्तहरुको अधिनमा रहि रीतपुर्वकको बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरु :

१. यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ८ औं दिन सम्म ( मिति २०७६/१०/२६ गते) कार्यालय समय भित्र तपशिलमा उल्लेख भए बमोजिम वोलपत्र फाराम दस्तुर र निवेदन वापत रु. १० समेत (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व इकाईबाट वोलपत्र फाराम खरिद गर्न सकिने छ।

२. खरिद गरिएको वोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरि सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सही छाप गरेर शिलवन्दी गरि खाम वाहिर ठेक्काको नाम, ठेक्का नं., प्रेषकको नाम र ठेगाना प्रष्टसंग लेखि २०७६।१०।२७ गते दिनको १२.०० वजे भित्र हरिनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ। यसरी दर्ता भएका वोलपत्रहरु सोहि दिन दिनको ०१.०० वजे उपस्थित वोलपत्रदाता वा निजको प्रतिनिधि र सरकारी कार्यालयको प्रतिनिधिको उपस्थितिमा गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन। बोलपत्र फारम साथ व्यक्तिले ना.प्र.प.को प्रतिलिपि, फर्म वा कम्पनीले फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबाट पान/भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी आ.व. २०७५।०७६ को आयकर चुक्ता प्रमाण पत्र समेत बोलपत्र फाराम खरिद समयमै पेश गर्नु पर्ने छ।

४. वोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोली पल्ट अर्थात कार्यालय खुलेको दिन सोहि समयमा वोलपत्र फारम विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

५. बोलपत्र साथ आफुले कवोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको हरिनगरा स्थित कृषि विकास बैंकको हि.नं.०६०२४०१३१११७१०४१ खातामा जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयका नाममा मान्यता प्राप्त बाणिज्य बैंकवाट जारि गरिएको १२ महिना म्याद भएको जमानीपत्रको सक्कल प्रति वा नगदै संलग्न राख्नु पर्नेछ।

६. बोलपत्र फाराम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट हुने गरि उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

७. बोलपत्र स्विकृत भएको जानकारी प्राप्त भएको मितिले ३ (तिन) दिन भित्र कबोल अंकको रकम एकमुष्ट बुझाई सम्झौता गरिसक्नु पर्नेछ कबोल रकम एकमुष्ठ बुझाउँदा सो रकममा १० (दश) प्रतिशत छुट दिइनेछ र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडि बढाईनेछ ।

८. ठेक्का अवधि २०७६ साल फाल्गुन देखि २०७७ साल आषाढ मसान्त सम्म रहनेछ।

९. वोलपत्र पेश गर्दा वोलपत्रदाताको तर्फवाट कुनै किशिमको शर्त मान्य हुने छैन। शर्त सहितको वोलपत्र, रीत नपुगी वा म्याद नाघी आएको वोलपत्र उपर कुनै कार्यवाही हुने छैन।

१०. असुली गर्नु पर्ने करको दररेट विवरण तथा ठेक्कापट्टा सम्बन्धी थप शर्तहरु बोलपत्र फारम साथ उपलब्ध गराईने छ।

११. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र फारम खरिद गरि छुट्टाछुट्टै पेश गर्नु पर्नेछ।

१२. यो सुचना बमोजिम पर्न आएका कुनै वा सबै बोलपत्र कुनै कारण जनाई वा नजनाई स्विकृत वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ।

१३. कर असुली गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फ बाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई कर असुली गर्नुपर्ने छ र कर असुली सम्बन्धी सूचना पाटी ठेकेदार आफैले राख्नु पर्नेछ।

१४. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर संकलन गर्न पाईने छैन। राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ।

१५. धरौटी वापत जम्मा गरिएको रकम एकमुष्ट बुझाउने रकममा समायोजन हुने छैन।

१६. नेपाल सरकार वा अन्य निकायलाई कानून बमोजिम तिर्नु पर्ने आयकर, मूल्य अभिवृद्धि कर, दस्तुर वा रकम ठेकेदार आफैले बुझाउनु पर्नेछ।

१७. कुनै ठेक्काको कर उठाउन नेपाल सरकार, प्रदेश सरकार बाट रोक लगाएमा सोही बमोजिम हुने छ।

१८. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ।

१९. वोलपत्र सम्वन्धि केहि कुरा वुझ्नु परेमा कार्यालय समय भित्र गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राखी वुझ्न सकिने छ।

**तपशिल**

| सि.न. | ठेक्का नं. | ठेक्काको नाम | न्युनतम ठेक अंक(मु.अ.कर वाहेक) | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | हरिनगर/राजस्व/०१/०७६/०७७ | सडक मर्मत तथा सरसफाई सेवा सेवा शुल्क | रु.६२,५००।- बासठी हजार पाँच सय मात्र। | ३००।०० | कबोल अंकको १३ प्रतिशत भ्याट सहित बुझाउनु पर्नेछ। |